We are your partner of progress

# शिखर फाइनान्स लिमिटेड

## Shikhar Finance Limited

(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

थापाथली, काठमाडौं ।

पो. व. नं. २५७६२

फो. नं. ४१००५२५, ४१००५२६ फ्याक्स नं. ४१००५२७

ईमेल : sfl@mail.com.np, info@shikharfinance.com

वेव साईट : shikharfinance.com

(साविक नाम : शिखर वित्तीय संस्था लिमिटेड)

# विशेष साधारण सभा

२०६८

को

# काम कारवाहीको विवरण
# (माईन्यूट)

| | | |
|---|---|---|
| सभा मिति | : | २०६८ साल जेष्ठ ३० गते, सोमवार । |
| सभा समय | : | विहान ११ बजे |
| सभा स्थान | : | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान<br>जावलाखेल, ललितपुर । |

# शिखर फाइनान्स लिमिटेड
Shikhar Finance Limited
को
## विशेष साधारण सभाको
## काम कारवाहीको विवरण
## (माईन्यूट)

यस संस्थाको मिति २०६८/०२/१२ मा बसेको संचालक समितिको १४३ औं बैठकको निर्णय अनुसार मिति २०६८ साल जेष्ठ ३० गते सोमवारका दिन यस संस्थाको विशेष साधारण सभा संस्थाको संचालक समितिको अध्यक्ष श्री दुर्गामान श्रेष्ठ ज्यू को अध्यक्षतामा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरमा विहान ११ बजे शुरू भै दिउँसो १२.१५ मा देहाय बमोजिम सम्पन्न भयो ।

१. **विशेष साधारण सभाको छलफलको विषय सूची :**

**छलफलका विषयहरू :**

(क) विशेष प्रस्ताव बारे ।

(१) एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षज्यूको प्रतिवेदन वारे छलफल तथा पारित गर्ने ।

(२) "काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड", काठमाडौं र "शिखर फाइनान्स लिमिटेड", काठमाडौं एक आपसमा मर्ज (गाम्ने/गाभिने) हुन दुवै संस्थाका संचालक समितिबाट निर्णय भए अनुरूप दुवै वित्तीय संस्था एक आपसमा मर्ज हुने (गाम्ने/गाभिने) सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(३) संस्था काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड संग गाभ्ने/गाभिने सहमति भईसकेकोले संस्थाको मिति २०६८/०१/३१ मा सम्पन्न पाँचौं वार्षिक साधारण सभाबाट पारित ४:१ बराबर हकप्रद शेयर निष्काशन गर्ने बारे विशेष प्रस्ताव खारेज गर्नको लागि स्वीकृती प्रदान गर्ने ।

(४) गाभ्ने/गाभिने सम्बन्धी सहमतिपत्र (**Memorandum of Understanding, MOU**) तयार गर्न तथा अन्य सम्पूर्ण प्रक्रिया पूरा गर्न मर्जर समिति बनाउन संचालक समितिलाई अख्तियारी दिने ।

(५) काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड संग गाभिए पछिको संस्थाको नाम "काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड" (Kasthamandap Development Bank Limited) राख्ने सम्बन्धमा विशेष प्रस्ताव पारित गर्ने ।

(६) दुवै संस्थाको सम्पत्ति र दायित्व मूल्यांकन (**Due Diligence Review, DDR**) गर्न लेखापरीक्षक नियुक्ती गर्न र निजको पारिश्रमिक तोक्न संचालक समितिलाई अख्तियार दिने ।

(७) दुवै संस्था गाभिईसकेपछि शेयर मिलानको प्रकृयाका सन्दर्भमा मूल्यांकन प्रतिवेदन (Due Dilligence Review, DDR) मा प्रति शेयर किताबी मुल्य जे जस्तो उल्लेख भएता पनि गाभिने कम्पनी (शिखर फाइनान्स लिमिटेड) को शेयरधनीको नाममा कायम रहेको गाभ्ने कम्पनी (काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड) को शेयर १:१ का दरले वितरण (मिलान) गर्ने सम्बन्धमा विशेष प्रस्ताव पारित गर्ने ।

(८) दुवै संस्था गाभिईसकेपछि दुवै संस्थाको संस्थापक शेयर र सर्वसाधारण शेयर एक आपसमा मिलान गर्दा हुन आउने संस्थापक सर्वसाधारण शेयरको अनुपातलाई स्वीकृती प्रदान गर्ने ।

(९) एकिकरण (मर्ज) हुने सन्दर्भमा विभिन्न नियमनकारी निकाय (नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदी) बाट स्विकृती लिने सिलसिलामा यस विशेष साधारण सभाको तर्फबाट प्रवन्धपत्र नियमावली मिलाउने लगायत अन्य सम्पूर्ण विषयमा आवश्यक संशोधन र परिमार्जन गर्नुपरेमा लगत्तै बस्ने अर्को साधारणसभाबाट अनुमोदन गराउने गरी दुवै संस्थाका प्रतिनिधि सम्मिलित मर्जर समितिलाई निर्णय गर्ने अख्तियार प्रदान गर्न विशेष प्रस्ताव पारित गर्ने ।

(१०)दुवै संस्था एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने) सन्दर्भमा नियमनकारी निकायबाट अन्तिम स्विकृती प्राप्त भए पश्चात मर्जर सहमतीपत्र (Merger Memorandum of Understanding, MOU) मा उल्लेख भए बमोजिम गाभिई आउने कम्पनीको अन्तिम दिनसम्म कायम रहेको लेखामा उल्लेखित मूल्य (Books of Accounts) मा कायम भएको सम्पूर्ण सम्पत्ति (Assets), दायित्व (Liabilities) तथा अन्य सम्भावित दायित्वहरू (Contingent Liabilities) को कूल मूल्य गाभ्ने संस्था (काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड) मा समायोजन (मर्ज) हुने सम्बन्धमा बिशेष प्रस्ताव पारित गर्ने ।

(११)एक आपसमा गाभ्ने/गाभिने प्रक्रियाका सन्दर्भमा भएको मर्जर सम्झौतापत्र (Merger Memorandum of Understanding) बमोजिम तथा प्रचलित कानून बमोजिम मर्ज गर्दा गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्य गर्ने बिशेष अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने र आवश्यकतानुसार संचालक समितिले मर्जर समितिलाई उक्त अधिकार प्रत्यायोजन गर्न सक्ने निर्णय पारित गर्ने ।

(ख) विविध ।

२. **सभाको सूचना सम्बन्धी जानकारी** :

विशेष साधारण सभा सम्बन्धी सूचना मिति २०६८ साल जेष्ठ १३ गतेको “नागरिक” राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र मिति २०६८ जेष्ठ २५ गतेको “अन्नपूर्ण पोष्ट” राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित गरिएको जानकारी दिईएको थियो ।

साधारण सभा हुने मिति, समय तथा स्थान र विषय सूची खोलिएको सूचना सहित सभामा प्रस्तुत हुने विषयसूची अनुसारका प्रस्तावहरू लगायतका विशेष साधारण सभा प्रतिवेदन शेयरधनी महानुभावहरूले प्राप्त नभएको खण्डमा संस्थाको कार्यालयबाट प्राप्त गर्न सकिने र सोको संस्थाको वेव साईट www.shikharfinance.com बाट समेत हेर्न सकिने व्यहोराको साधारण सभा सम्बन्धी राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा शेयरधनी महानुभावहरूलाई जानकारी दिएको सूचित गराईएको थियो ।

**३. सभामा उपस्थितिः**

३.१ <u>संचालक समितिका पदाधिकारीहरू</u> :

| | |
|---|---|
| १. श्री दुर्गामान श्रेष्ठ | अध्यक्ष |
| २. श्री महेश कुमार श्रेष्ठ | संचालक |
| ३. श्री शम्भु बहादुर प्रधान | संचालक |
| ४. श्री चन्द्र खत्री | संचालक |
| ५. श्री टेक राज पछाई | संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| ६. श्री भरत रेग्मी | संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |

३.२ श्री उमेश रेग्मी — महाप्रबन्धक

३.३ <u>पर्यवेक्षकहरू</u>

| | |
|---|---|
| क) श्री दिपक शर्मा | श्री नेपाल धितोपत्र बोर्डका प्रतिनिधि । |
| ख) श्री उद्धव पोखरेल | लेखा परिक्षक, श्री जनक एण्ड एशोसियटस्, चाटर्ड एकाउण्टेण्टस्का प्रतिनिधि । |
| ग) श्री केदार कार्की | शेयर रजिष्ट्रार श्री सिभिल क्यापीटल मार्केट लिमिटेडका प्रतिनिधि । |

३५ <u>शेयर धनीहरू</u> :

१. शेयर धनी महानुभावहरू स्वंय उपस्थित — ६१

२. प्रतिनिधिपत्र (प्रोक्सी) मार्फत उपस्थित — २८

**४. <u>गणपूरक संख्या</u>ः**

गणपूरक संख्या देहाय बमोजिम रहेको थियो ।

| शेयरधनीहरू उपस्थिति | शेयरधनी संख्या | शेयर संख्या | प्रतिशत |
|---|---|---|---|
| स्वयम् उपस्थित | ६१ | ३३१४८० | ३३.१४८ |
| प्रतिनिधिपत्र मार्फत उपस्थित | २८ | ३४१७५० | ३४.१७५ |
| **जम्मा उपस्थिति** | ८९ | ६७३२३० | ६७.३२३ |

**५. <u>सभाको वैधानिकता</u> :**

कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावलीमा भएका प्रावधान बमोजिम साधारण सभा बोलाउनुको साथै कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम गणपूरक संख्या पुगेको सभालाई जानकारी गराईयो ।

**६. <u>सभाको अध्यक्षता र सभा संचालन</u> :**

कम्पनी ऐन तथा संस्थाको नियमावलीमा भएको व्यवस्था बमोजिम संचालक समितिका अध्यक्षले नै साधारण सभाको पनि सभापतित्व गर्ने प्रावधान अनुसार संस्थाको संचालक समितिका अध्यक्ष श्री दुर्गामान श्रेष्ठज्यूको सभापतित्वमा सभा संचालन भयो ।

७. संस्थाका महाप्रबन्धक श्री उमेश रेग्मीले सभामा उपस्थित शेयरधनी महानुभावहरूलाई स्वागत भाषण प्रस्तुत गर्नुभयो ।

८. <u>संचालक समतिको तर्फबाट अध्यक्ष श्री दुर्गामान श्रेष्ठ ज्यू बाट विशेष साधारण सभा प्रतिवेदन प्रस्तुती</u>
अध्यक्षज्यूले उपस्थित सबै शेयर धनी महानुभावहरूलाई हार्दिक स्वागत एवं अभिवादन सहित आफ्नो मन्तव्य व्यक्त गर्दै सञ्चालक समितिको तर्फबाट संस्थाको विशेष साधारण सभा प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

९. <u>छलफलको लागि आव्हान</u> :
९.१ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको विशेष साधारण सभा प्रतिवेदन तथा संस्था मर्जर गर्ने बारे विशेष प्रस्तावहरू माथि छलफल गरी पारित गर्न शेयरधनी महानुभावहरूको कुनै जिज्ञासा, सुझाव, मन्तव्य तथा प्रश्नहरू भएमा आ-आफ्नो नाम दिई क्रमशः आफ्नो मन्तव्य तथा जिज्ञासा सभा समक्ष राख्न सभामा उपस्थित सबै शेयरधनीहरूलाई आह्वान गरिएको थियो ।
९.२ उक्त आह्वान अनुसार देहायका शेयरधनी महानुभावहरूले आ-आफ्नो प्रश्न, मन्तव्य र जिज्ञासाका साथै सुझाव समेत व्यक्त गर्नु भयो ।
१. श्री व्रम्ह देव शाक्य
२. श्री विनय हरी मास्के

१०. <u>शेयरहोल्डरहरूबाट प्रस्तुत प्रश्न, मन्तव्य, जिज्ञासा तथा सुझाव</u> :
१०.१ शेयरधनी श्री व्रम्ह देव शाक्यज्यूले राख्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :
क) संस्था काष्ठमण्डप डेभलपमेण्ट बैंक लि. संग मर्ज गर्दा संस्थाको कर्मचारी वर्ग, शेयरधनी लगायत सबैलाई मर्का, अन्याय नपर्ने गरी मर्ज गर्नुपर्ने सुझाव ।
ख) संस्थाले काष्ठमण्डप डेभलपमेण्ट बैंक लि. संग मर्ज गर्ने बारे समर्थन ।
१०.२ शेयरधनी श्री विनय हरी मास्केज्यूले प्रस्तुत गर्नु भएको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :
क) मर्जर हुनुपर्ने आवश्यक रहेको ।
ख) संस्थाले पछि विकृति नआउने गरी राम्ररी गृहकार्य गरेर मात्र मर्ज गर्नुपर्ने ।
ग) संस्था मर्ज भएपछि शेयरधनीहरूको शेयरको अनुपात बारे जिज्ञासा ।

११. शेयरधनी महानुभावहरूको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझाव सन्दर्भमा अध्यक्ष श्री दुर्गामान श्रेष्ठले सबै शेयरधनी महानुभावहरूको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावलाई निम्नानुसार स्पष्ट पार्नु भयो ।
११.१ फाइनान्स कम्पनी विकास बैंक संग मर्ज गर्दा स्तरोन्नती हुने ।
११.२ शेयरधनी महानुभावहरूको प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावलाई आत्मसाथ गर्दै संस्था अगाडी बढने प्रतिवद्धता गर्नु भयो ।

१२. **सभाको निर्णयहरू :**

निम्न अनुसारको विशेष प्रस्तावहरू पारित हुन सभामा प्रस्तुत हुँदा देहाय बमोजिम प्रस्तावहरूको सर्वसम्मतीबाट पारित भएको घोषणा अध्यक्ष ज्यू ले गर्नुभयो ।

(१) एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षज्यूको प्रतिवेदन पारित भयो ।

(२) "काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड", काठमाडौं र "शिखर फाइनान्स लिमिटेड", काठमाडौं एक आपसमा मर्ज (गाम्ने/गाभिने) हुन दुवै संस्थाका संचालक समितिबाट निर्णय भए अनुरूप दुवैवटा वित्तीय संस्था एक आपसमा मर्ज हुने (गाम्ने/गाभिने) सम्बन्धी प्रस्ताव पारित भयो ।

(३) संस्था काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड संग गाभ्ने/गाभिने सहमति भईसकेकोले संस्थाको मिति २०६८/०१/३१ मा सम्पन्न पाँचौं वार्षिक साधारण सभाबाट पारित ४:१ बराबर हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव खारेज गर्ने सम्बन्धी प्रस्ताव पारित भयो ।

(४) गाभ्ने/गाभिने सम्बन्धी सहमतिपत्र (**Memorandum of Understanding, MOU**) तयार गर्न तथा अन्य सम्पूर्ण प्रक्रिया पूरा गर्न मर्जर समिति बनाउन संचालक समितिलाई सर्वसम्मतीबाट अख्तियारी दिने प्रस्ताव पारित भयो ।

(५) काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड संग गाभिए पछिको संस्थाको नाम "काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड" (Kasthamandap Development Bank Limited) राख्ने सम्बन्धी प्रस्ताव पारित भयो ।

(६) दुवै संस्थाको सम्पत्ति र दायित्व मूल्यांकन (**Due Diligence Review, DDR**) गर्न लेखापरीक्षक नियुक्ती गर्न र निजको पारिश्रमिक तोक्न संचालक समितिलाई अख्तियार दिने प्रस्ताव पारित भयो ।

(७) दुवै संस्था गाभिईसकेपछि शेयर मिलानको प्रकृयाका सन्दर्भमा मूल्यांकन प्रतिवेदन (Due Dilligence Review, DDR) मा प्रति शेयर कितावी मुल्य जे जस्तो उल्लेख भएता पनि गाभिने कम्पनी (शिखर फाइनान्स लिमिटेड) को शेयरधनीको नाममा कायम रहेको गाभ्ने कम्पनी (काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड) को शेयर १:१ का दरले वितरण (मिलान) गर्ने सम्बन्धी प्रस्ताव पारित भयो ।

(८) दुवै संस्था गाभिईसकेपछि दुवै संस्थाको संस्थापक शेयर र सर्वसाधारण शेयर एक आपसमा मिलान गर्दा हुन आउने संस्थापक सर्वसाधारण शेयरको अनुपातलाई स्वीकृती प्रदान गर्ने प्रस्ताव पारित भयो ।

(९) एकिकरण (मर्ज) हुने सन्दर्भमा विभिन्न नियमनकारी निकाय (नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदी) बाट स्विकृती लिने सिलसिलामा यस विशेष साधारण सभाको तर्फबाट प्रवन्धपत्र नियमावली मिलाउने लगायत अन्य सम्पूर्ण विषयमा आवश्यक संसोधन र परिमार्जन गर्नुपरेमा लगत्तै बस्ने अर्को साधारणसभाबाट अनुमोदन गराउने गरी दुवै संस्थाका प्रतिनिधि सम्मिलित मर्जर समितिलाई निर्णय गर्ने अख्तियार प्रदान गर्ने प्रस्ताव पारित भयो ।

(१०) दुवै संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्ज हुने) सन्दर्भमा नियमनकारी निकायबाट अन्तिम स्विकृती प्राप्त भए पश्चात मर्जर सहमतीपत्र (Merger Memorandum of Understanding, MOU) मा उल्लेख भए बमोजिम गाभिई आउने कम्पनीको अन्तिम दिनसम्म कायम रहेको लेखामा उल्लेखित मूल्य (Books of Accounts) मा कायम भएको सम्पूर्ण सम्पत्ति (Assets), दायित्व (Liabilities) तथा अन्य सम्भावित दायित्वहरू

(Contingent Liabilities) को कूल मूल्य गाभ्ने संस्था (काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड) मा समायोजन (मर्ज) हुने सम्बन्धी प्रस्ताव पारित भयो ।

(११)एक आपसमा गाभ्ने/गाभिने प्रक्रियाका सन्दर्भमा भएको मर्जर सम्झौतापत्र (Merger Memorandum of Understanding) बमोजिम तथा प्रचलित कानून बमोजिम मर्ज गर्दा गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्य गर्ने बिशेष अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने र आवश्यकतानुसार संचालक समितिले मर्जर समितिलाई उक्त अधिकार प्रत्यायोजन गर्न सक्ने प्रस्ताव पारित भयो ।

१३ विविध :

निर्धारित विषय सूची अनुसार विविध विषय अन्तर्गत छलफलको कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

१४. सभा विसर्जन :

सभाका सभापतिज्यूले सबै शेयरधनी महानुभावहरूलाई वहाँहरूको सक्रिय सहभागिता तथा अमूल्य सुझावका लागि आभार प्रकट तथा हार्दिक धन्यवाद दिदैं शिखर फाइनान्स लिमिटेडको विशेष साधारण सभा विसर्जन भएको व्यहोरा अध्यक्ष श्री दुर्गामान श्रेष्ठले सभामा जानकारी गराउनु भयो ।

| | | |
|---|---|---|
| (प्रदिप मानन्धर)<br>अधिकृत/कम्पनी सचिव | मिति २०६८/०२/३० | (दुर्गामान श्रेष्ठ)<br>अध्यक्ष |